प्राथमिकतामा राखी खेलाडी तथा प्रशिक्षकको विकास गर्दै लगिनेछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्ने खेलाडीहरूलाई प्रोत्साहन गरिनेछ।

१०९. हाल राष्ट्रिय खेलकुद परिषद् अन्तर्गत रहेका खेल पूर्वाधारहरू प्रदेश सरकार मातहतमा ल्याउन पहल गरिनेछ। संघीय सरकारसँगको सहकार्यमा बैजनाथपुर क्रिकेट रंगशालाको निर्माण गरी प्रदेश सरकार मातहतमा संचालनका लागि आवश्यक पहल गरिनेछ।

११०. स्थानीय तहसँगको समन्वयमा साहसिक र पर्यटकीय खेलकुदका लागि सम्भाव्यता अध्ययन गरी बहुउद्देश्यीय खेल पूर्वाधार विकास गर्न निजी क्षेत्रसँग समेत साझेदारी गरिनेछ।

१११. युवासम्वन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा गरी युवा प्रतिभाहरूको पहिचान र क्षमता विकासमार्फत युवालाई उद्यम, व्यवसाय, नवप्रवर्तन र सामाजिक विकासमा परिचालन गरिनेछ। युवाहरूको समग्र विकासका लागि स्काउट शिक्षालाई विद्यालय र समूदायस्तरमा विस्तार गरी युवाहरुमा स्वयमसेवी भावना विकास गरिनेछ।

**माननीय सदस्यहरू,**

११२. **"प्रकृति र संस्कृति, पर्यटनमार्फत समुन्नति"** भन्ने मूलमन्त्रका साथ ऐतिहासिक, साँस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदा एवम् मौलिक कला संस्कृतिको संरक्षण गर्दै प्रकृतिमा आधारित ग्रामीण पर्यटन, कृषि पर्यटन, घरबास पर्यटन, खगोल पर्यटन, जल पर्यटन, साहसिक पर्यटन, खेलकुद पर्यटन तथा पदयात्रा पर्यटन लगायतको प्रवर्द्धनमार्फत कोशी प्रदेशलाई गुणस्तरीय पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ। निजीक्षेत्र तथा स्थानीय तहहरूसँगको सहकार्यमा आतिथ्यता र सेवाको क्षेत्रमा पर्यटन सेवा प्रदायकहरूको क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

११३. वातावरणीय सन्तुलन र जैविक विविधताको संरक्षणमा टेवा पुऱ्याई समग्र पर्यटन क्षेत्रको दिगो विकास गरी प्राप्त लाभहरुको उपयोग गर्न, जलवायु परिवर्तन र वातावरणीय ह्रासका समस्याहरुलाई विश्वका सामु उजागर गरेर समाधानका उपाय पहिल्याउन हरेक वर्ष मे २९ मा विविध कार्यक्रम गरी **अन्तर्राष्ट्रिय सगरमाथा दिवस** मनाइनेछ। पर्वतारोहणसम्बन्धी अध्ययन, अनुसन्धान तथा तालिम प्रदान गर्ने उद्देश्यका साथ नेपाल सरकारसँगको सहकार्यमा **पासाङ ल्हामु पर्वतारोहण अध्ययन प्रतिष्ठान** गठनसम्बन्धी कानुनी प्रवन्ध गरी संचालन गरिनेछ। साथै सप्तकोशी नदी सतहमा थुप्रिएको बालुवाले कोशी नदीको उचाई बढ्दै गएकाले विपद् जोखिमसमेत बढ्दै गएको हुँदा यसको व्यवस्थापनको लागि नेपाल सरकारसँगको सहकार्यमा सम्भाव्यता अध्ययन गरिनेछ।

११४. प्रदेश पर्यटन बोर्डसम्बन्धी कानूनलाई समयानुकूल संशोधन गरी अधिकार सम्पन्न प्रदेश पर्यटन विकास बोर्ड गठन गरी कोशी प्रदेशको समग्र पर्यटन क्षेत्रको विकास गरिनेछ। वर्ष २०८२ लाई **कोशी प्रदेश पर्यटन वर्ष**का रुपमा विभिन्न कार्यक्रम गरी मनाइनेछ। विक्रम सम्बत

२०८२ साल बैशाख १ गते तीनजुरे मिल्के जलजलेमा **अन्तर्राष्ट्रिय गुराँस महोत्सव** गरिनेछ। निजी क्षेत्रसँग सहकार्य गर्दै विराटनगर विमानस्थललाई क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलका रुपमा स्तरोन्नति विकास गर्नका लागि नेपाल सरकारसँग पहल गरिनेछ।

११५. बालागुरु षडानन्द, ज्ञानदिल दास, नारी जागरणका प्रणेता योगमायाको स्थल, पाथिभरा, बराहक्षेत्र, हलेसी, राष्ट्रिय विभुती महागुरु फाल्गुन्द र किराँत धर्मगुरु आत्मनन्द लिङ्गदेनको जन्म तथा तपस्यास्थल, विराटदरवार, तुवाचुङ-जायजुङ, हिलिहाङ, खुवालुङ्ग, सन्दकपुर, विजयपुर, उदयपुरगढी, विष्णुपादुका, कुम्मायक कुस्सायक, माङ्मालुङ, माईपोखरी, शिवधारा (खेम्पालुङ), सभापोखरी, बर्जु, किचकवध, पत्ताले, देम्बाडाँडा, मुन्धुम पदमार्ग, जोरपोखरी लगायतका ऐतिहासिक, साँस्कृतिक, धार्मिक, प्राकृतिक स्थानहरूको विकास र प्रवर्द्धन गरी आन्तरिक, बाह्य तथा सीमापार पर्यटनको प्रवर्द्धन गरिनेछ। प्राचीन हरिद्वार चतरा क्षेत्रको विकास तथा विस्तार गरी व्यवस्थित कुम्भ क्षेत्र निर्माण गरिनेछ।

११६. लागत तथा लाभ साझेदारीको नीतिगत प्रवन्ध गरी स्थानीय तह, वन उपभोक्ता समूह तथा निजी क्षेत्रसँगको सहलगानीमा पर्यटकीय पूर्वाधारहरूको विकास तथा सञ्चालनमा सहकार्य गरिनेछ। हिमाली तथा पहाडी क्षेत्रका पदमार्गहरु पहिचान गरी संघीय सरकार, स्थानीय तह र विकास साझेदारसँगको सहकार्यमा **पदमार्गमा आधारित पर्यटन विकास कार्यक्रम** संचालन गरिनेछ।

११७. प्रदेशभित्रका राष्ट्रिय वनको उत्पादकत्व वृद्धि गर्दै वनक्षेत्रबाट अधिकाधिक लाभ प्राप्त गर्न आवश्यक नीतिगत प्रवन्ध गरी वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रम लागू गरिनेछ।

११८. प्रदेश हरित अभियान कार्यक्रममार्फत न्यून वनक्षेत्र भएका स्थानीय तहहरूसँगको समन्वयमा निजी तथा सार्वजनिक वन, कृषि वन, सहरी वनको प्रवर्द्धन तथा सडक किनार र नदी उकास जग्गामा वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। विकास प्रक्रियासँगै विनास हुँदै गएका वर, पिपल, समीजस्ता छहारीदार रुख, चौतारी एवम् पोखरीहरू पुनरुत्थान गर्न विशेष कार्यक्रम लागू गरिनेछ।

११९. जडीबुटी विशेष क्षेत्रहरूमा स्थानीय किसानहरूको आम्दानी तथा राजश्वमा बढोत्तरी गराउन गैरकाष्ठ वन पैदावारमा आधारित उद्यमहरूको स्थापना, सञ्चालन तथा प्रविधि विकासमार्फत मूल्य अभिवृद्धिका कार्यक्रमहरूलाई प्रोत्साहन गरिनेछ।

१२०. समुदायमा आधारित वन व्यवस्थापन समूहहरूसँगको सहकार्यमा वन डढेलो, वन अतिक्रमण तथा वन अपराध नियन्त्रण लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

